# प्रेस विज्ञप्ती

(मितिः २०७५/०४/०८)

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं
२०७३

## कोरियाली खेलकुद विशेषज्ञ टोली र टोखा नगरपालिका बीच भेटवार्ता

दक्षिण कोरिया खेलकुद समाजका प्रमुख तथा Yongin University का प्रोफेसर Dr. Seong Bae Kong को नेतृत्वमा आएको टोली र टोखा नगरपालिकाका पदाधिकारीबीच नगरपालिकाको कार्यालयमा भेटवार्ता सम्पन्न भएको छ । जसमा टोखा नगरपालिका र कोरियाली खेलकुदको दुई पक्षीय हितको विषयमा छलफल भएको छ ।

टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारी, उप–प्रमुख ज्ञानमाया डंगोल र प्रमुख प्रशासकीय अधिकृत कृष्ण प्रसाद सुवेदी सहितको भेटमा नगरभित्र प्रचुर सम्भावना रहेका विभिन्न खेलहरुको विकास तथा प्रवर्द्धनको लागि छलफल गरियो । कोरियाली टोली तथा नेपाल योग्मुदो संघका राष्ट्रिय अध्यक्ष श्री मोहन कुमार कार्कीले टोखा नगरमा विभिन्न मार्सल आर्ट खेल सहित योग्मुदो खेलको पनि प्रचुर सम्भावना रहेको बताउनु भयो ।

साथै, नगर प्रमुख प्रकाश अधिकारीज्यूले आ.व. ०७५/०७६ मा नयाँ खेलाडी पहिचानका साथै खेलकुदको प्रवर्द्धनका लागि रंगशालाको सम्भाव्यता अध्ययन सहित गुरुयोजना निर्माण गर्ने, प्राचिन खेलको प्रवर्द्धन तथा राष्ट्रिय/अन्तराष्ट्रिय खेलाडीहरुको सम्मानमा विशेष कार्यकम सहित पहल गर्ने जानकारी गराउँदै अतिथि Dr. Seong Bae Kong लगायत वहांको टोलीलाई सहृदय धन्यवाद दिनुभयो । यो भेटको अन्तराष्ट्रिय समन्वयको वातावरण ई. लोकेन्द्र आचार्यले गर्नु भएको थियो ।

०८/०४/०७५

(बच्चुराज बस्याल)
नगर प्रवक्ता